मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८१**

तहः वी.एड./चौथो सेमेस्टर

विषय : नेपाली कविता, गीत र गजल (नेपा. ४४५/३४५)

---

रोल नं. .....................

**समूह 'क'** १×१०=१०

**सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस् ।**

१. "रसात्मक वाक्य नै काव्य हो" भनेर परिभाषित गर्ने विद्वान को हुन् ?
(क) हड्सन (ख) अरस्तु
(ग) विश्वनाथ (घ) वामन

२. गजलकारले आफ्नो नाम वा उपनाम जनाउन प्रयोग गरिएको शव्दलाई के भनिन्छ ?
(क) सेर (ख) काफिया
(ग) तखल्लुस (घ) बहर

३. गीतको धुर्वपङ्क्ति भनेर चिनिने तत्त्व तलका मध्ये कुन हो ?
(क) पङ्क्ति (ख) अन्तरा
(ग) भाव (घ) स्थायी

४. लक्ष्मीप्रसाद देवकोटाको कवितागत प्रमुख प्रवृत्ति कुन हो ?
(क) परिष्कारवादी (ख) स्वच्छन्दतावादी
(ग) प्रगतिवादी (घ) स्वच्छन्दतावादी-प्रगतिवादी

५. 'फर्सीको जरा' कवितामा के कुराको खोजी गरिएको छ ?
(क) विगत (ख) वर्तमान
(ग) विसङ्गति (घ) अस्तित्व

६. 'वसन्त कोकिल' कवितामा कुन दृष्टिविन्दुको प्रयोग गरिएको छ ?
(क) प्रथम (ख) तृतीय
(ग) द्वितीय (घ) आन्तरिक

७.'गरीबको खुन बरै' गजलमा कुन विषयवस्तु उठाइएको छ ?
(क) गरिवको क्रान्ति
(ख) गरिबको एकता
(ग) गरिवको अस्तित्व
(घ) गरिबको बाध्यता

८. आधुनिक नेपाली कविताका परिष्कारवादी धाराका प्रवर्तक भनेर कसलाई चिनिन्छ ?
(क) लेखनाथ पौडेल (ख) मोहन कोइराला
(ग) लक्ष्मीप्रसाद देवकोटा (घ) ईश्वर वल्लभ

९. गजल लेखनको प्रारम्भ कहाँवाट भएको पाइन्छ ?
(क) अरवी (ख) फारसी
(ग) उर्दू (घ) हिन्दी

१०. नेपाली कविताको आधुनिक कालको प्रयोगवादी धाराको सुरुवात कहिले देखि भएको पाइन्छ ?
(क) वि.सं.१९९१ (ख) वि.सं. २०१६
(ग) वि.सं.२०१७ (घ) वि.सं. २०३६

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८१**

तहः बी.एड./चौथो सेमेस्टर — पूर्णाङ्क : ६०

समय : ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषय :** नेपाली कविता, गीत र गजल (नेपा. ४४५/३४५)

---

*परीक्षार्थीहरूले मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ ।*

## समूह 'ख' — ६×५= ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. कविता विधाको सैद्धान्तिक परिचय र परिभाषा उल्लेख गर्नुहोस् ।

२. गजलका अनिवार्य तत्त्वहरू उल्लेख गरी सामान्य चर्चा गर्नुहोस् ।

३. गीतको परिचय दिदै स्थायी र अन्तराको भूमिका प्रष्ट पार्नुहोस् ।

**अथवा**

प्रस्तुत पङ्क्तिलाई सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

भोलि उठी कहाँ जाने केही थाहा छैन
फर्कि आउने हो कि होइन केही थाहा छैन
बाचा छिटै आउँछु भनि गर्नुपऱ्या छ
मुदुमाथि ढुङ्गा राखि हास्नुपऱ्या छ ।

४. गोपालप्रसाद रिमालको 'सपनामा' कवितामा प्रस्तुत विचारलाई प्रष्ट पार्नुहोस् ।

५. 'गरिबको खुन बरै' गजलमा अभिव्यक्त भावको समीक्षा गर्नुहोस् ।

६. 'गौतम बुद्धको चिठी अशोकको नाममा' कवितामा नेपाल र भारतको सम्बन्धलाई कसरी प्रस्तुत गरिएको छ ? चर्चा गर्नुहोस् ।

**अथवा**

'जय जय जय हे नेपाल गीतको' मूलभाव प्रस्तुत गर्नुहोस् ।

## समूह 'ग' — २×१०=२०

**तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

७. आधुनिक नेपाली कविताको विकास प्रक्रियामा देखा परेका चरणगत प्रवृत्तिहरूको उल्लेख गर्नुहोस् ।

८. वैरागी काइँलाका काव्यात्मक प्रवृत्तिहरूको चर्चा गर्दै 'मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित' कवितामा प्रस्तुत विसङ्गतिवादी चिन्तनको विवेचना गर्नुहोस् ।

**अथवा**

'घुम्ने मेचमाथि अन्धो मान्छे', कवितामा कवि भूपि शेरचनले नेपाली समाजका के कस्ता समस्याहरूलाई औंल्याएका छन् ? समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

**समाप्त**